# प्रेस विज्ञप्ति

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II) को राष्ट्रिय कार्यकारी समिति (NEC) को एघारौ वैठक मिति २०७५ साल मङ्सिर महिनाको २० गतेका दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभा हलमा माननीय मन्त्री श्री लालबाबु पण्डितज्युको प्रमुख आतिथ्यता तथा सचिव श्री दिनेशकुमार थपलियाज्युको अध्यक्षतामा सम्पन्न भयो I उक्त वैठकमा सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री नारायण प्रसाद बिडारी, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान; स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान; कर्मचारी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकज्युहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; अर्थ मन्त्रालय;कृषि तथा पशुपंक्षी विकास मन्त्रालय; भूमि व्यबस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय; वन तथा वातावरण मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय; सहरी विकास मन्त्रालय;स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उच्च पदाधिकारीहरु; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका महाशाखा प्रमुख, राष्ट्रिय कार्यक्रम निर्देशक, महालेखा नियन्त्रकको कार्यालय; महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,राष्ट्रिय योजना आयोगका उच्च पदाधिकारी; विभागका महानिर्देशक; प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, जिसस महासंघ नेपाल, नेपाल नगरपालिका संघ; गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष, नेपाल सरकारका उपसचिव तथा मन्त्रालयका शाखा प्रमुख, राष्ट्रिय कार्यक्रम प्रबन्धक, सरकारी संचार गृहका पत्रकारहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो I

यसै गरी उक्त बैठकमा विकास साझेदारहरुको तर्फबाट स्विट्जरल्यान्डका महामहिम राजदुत तथा DP-Chair एलिजाबेथ भन क्याप्लर,नर्वेका महामहिम राजदुत लासी जोन जोहानेसन, युरोपिएन युनियनका राजदुत श्री भेरोनिका कोडी,DP Co-Chair तथा बेलायती सहयोग नियोगका नेपाल प्रमुख श्री रुरिक मार्सडेन ओबी तथा UNDP; UNCDF र UNV का प्रतिनिधिहरुको सहभागिता थियो I

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता तथा स्थानीय तह क्षमता विकास महाशाखा प्रमुख श्री सुरेश अधिकारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रि श्री लालबाबु पण्डितले मुलुकको दिगो विकास, सामाजिक न्यायको स्थापना, समतामुलक समाज निर्माण सुशासन तथा आर्थिक सम्वृद्धि एवं गरिबी निवारण गर्ने नेपाल सरकारको प्रयासमा निरन्तर रुपमा सहयोग गर्दै आएका सवै विकास साझेदार संस्थाहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्दै LGCDP कार्यक्रमले स्थानीय शासन प्रक्रियालाई सुदृढिकरण गर्न खेलेको भूमिकाको स्मरण गर्नु भयो I तत्कालिन अवस्थामा विकेन्द्रित शासन व्यवस्थालाई सुदृढीकरण गर्ने नेपाल सरकारको वृहत्तर योजना सहितको LGCDP कार्यक्रम आगामी २०७५ साल पौष १६ देखि समाप्त हुने क्रममा रहेकोले अहिले नेपाल सरकार र विकास

सुरेश अधिकारी
सह-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

साझेदारहरुबाट विगतका असल अभ्यासहरुलाई निरन्तरता दिंदै आगामी दिनमा नयां परिवेशलाई सम्वोधन गर्नेगरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संचालन गर्ने प्रक्रियामा अगाडी बढेको यस अवस्थामा नागरिकहरुको सन्निकटतामा रहेका स्थानीय र प्रदेश सरकारहरुलाई संविधानले निसृत गरेका जिम्मेवारीहरुलाई कुशल रुपमा सम्पादन गर्न संस्थागत क्षमता अभिवृद्धि, अन्तर तह समन्वय र साझेदारिता वृद्धि, आन्तरिक तथा वाह्य स्रोतको वुद्धिमतापूर्ण उपयोग गरी नागरिकहरुका आधारभूत सेवाहरुको सुनिश्चितता गर्न ठोस सहयोग पुग्ने प्रकृतिका कार्यक्रमहरुको पहिचान गर्नुपर्ने अवस्था रहेको बताउदै अव प्रस्तावित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले राज्यले तय गरेका नीति र निर्धारण गरेका लक्ष्यहरु प्राप्ति गर्न, नागरिकहरुका आवाज, चाहना र प्राथमिकताहरुलाई अनुभूत गर्न सकिने गरी ठोस र नतिजामुखी कार्यक्रम तय गर्न यो वैठक अत्यन्त महत्वपूर्ण हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै कार्यक्रमका अध्यक्ष तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलियाले नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यबस्थाको माध्यमबाट मुलुकमा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिई तहगत संरचनाको व्यबस्था गरी राज्यशक्तिको प्रयोग तहगतरुपमा हुने व्यवस्था गरेकोले यस्तो अवस्थामा लोकतान्त्रिक मूल्य र मान्यतालाई संस्थागत र सुदृढीकरण गर्दै देशलाई समतामूलक, सुखी र सम्वृद्ध नेपाल वनाउने नेपाल सरकारको लक्ष्यलाई सार्थक वनाउन, राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतसंग गरेका प्रतिवद्धताहरु पुरा गर्न, दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि विशेषत स्थानीय र प्रदेश तहको संस्थागत क्षमता विकास गर्ने तर्फ आगामी कार्यक्रमको प्राथमिकता हुने कुरामा जोड दिनु भयो । यसै गरी सार्वजनिक सेवा प्रवाहमा सर्वसाधारण नागरिकको पहूंच वढाउन, हरेक तह र क्षेत्रमा सुशासनको प्रत्याभूति गर्न तथा सदाचारयुक्त विकास प्रशासन स्थापित गर्ने तर्फ पनि आगामी कार्यक्रमले विशेष ध्यान दिने विश्वास ब्यक्त गर्नु भयो ।

उक्त अवसरमा विकास साझेदारको रुपमा रहेका विभिन्न मुलुकका महामहिम राजदुतहरु तथा वैदेशिक सहयोग नियोगका प्रतिनिधिहरुले यस अवधिमा संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले प्राप्त गरेका उपलब्धिहरुप्रति प्रशंसा व्यक्त गर्दै विगतमा जनप्रतिधिविहिनताको अवस्थामा कार्यक्रमको उल्लेखनीय योगदान रहेको कुरा व्यक्त गर्नुभयो । स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधि र सम्बन्धित कर्मचारीको क्षमता विकासका लागि कार्यक्रमले खेलेको भूमिकाको सराहना गर्दै संघियताको सफल कार्यन्वयनका निम्ति स्थानीय तथा प्रदेश सरकारको संस्थागत क्षमता बृद्धि गर्नु पर्ने र त्यसका लागि सहयोग गर्न आफु तत्पर रहेको कुरा बताउनुभयो ।

यस बैठकमा अघिल्लो NEC बैठकबाट भएका निर्णयको कार्यान्विनको समिक्षा र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले हासिल गरेका उपलब्धिहरुको सम्बन्धमा कार्यक्रमका राष्ट्रिय निर्देशक पुरुषोत्तम नेपाल र कार्यक्रमका राष्ट्रिय प्रबन्धक रेशमलाल कंडेलले प्रस्तुति गर्नु भएको थियो । साथै १ जनवरी २०१९ बाट संचालन हुने प्रस्तावित नया कार्यक्रम प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को बारेमा समेत कार्यक्रमका राष्ट्रिय निर्देशक र प्रबन्धकबाट प्रस्तुति भयो । PLGSP कार्यक्रम ४ वर्षको अवधिको रहने, यसको कुल लागत करिव १३ करोड अमेरिकी डलर हुने र जसमध्ये ३ करोड अमेरिकन डलर नेपाल सरकारको हुने तथा अन्य रकम स्विस

सुरेश अधिकारी
सह-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सहयोग नियोग (SDC), युरोपियन युनियन (EU), वेलायती सहयोग नियोग (DFID) र नर्वेबाट प्राप्त हुने गरी कार्यक्रम संचालन हुने कुरा उल्लेख भयो I उक्त प्रस्तुति पश्चात विभिन्न मन्त्रालय, आयोग, प्रतिष्ठान, संघ महासंघ तथा प्रदेश मन्त्रालयबाट पाल्नुभएका सहभागीहरुले व्यक्त गरेका सुझाव तथा प्रतिक्रियाहरु समावेश गरी विभिन्न निर्णयहरु गरिएको छ I जसमध्ये ३१,डिसेम्बर २०१८ देखि LGCDP-II को अवधि समाप्त हुने, नया प्रस्तावित कार्यक्रम प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेज मस्यौदा अनुमोदन गरी आवश्यक प्रक्रिया अगाडी बढाउन नेपाल सरकारलाई अनुरोध गर्ने, कार्यक्रम दस्तावेज माथि प्रदेश सरकार र सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त सान्दर्भिक सुझावहरुलाई समावेश गर्ने, PLGSP कार्यक्रम पूर्णरुपमा संचालन गर्नुपूर्व पुरा गर्नु पर्ने न्युनतम शर्तहरु प्राप्त गर्नको लागि आवश्यक पर्ने प्राविधिक सहयोगको प्रबन्ध गर्ने तथा LGCDP को बेरुजु आगामी ३ महिना भित्र फर्छ्यौट गर्ने लगायतका निर्णय गरियो I

०७५।८।२९

सुरेश अधिकारी
सहसचिव एवं प्रवक्ता

सुरेश अधिकारी
सह-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ